# प्रदेश नं. १ लैङ्गिक समानता नीति, २०७९

स्वीकृत भएको मितिः- २०७९/०८/२६

सामाजिक विकास मन्त्रालय

**प्रदेश सरकार**

**सामाजिक विकास मन्त्रालय**

**प्रदेश नं. १, विराटनगर, नेपाल**

# विषयसूची


१. भूमिका ...... १
२. तर्जुमा विधि ...... २
३. प्राज्ञिक दृष्टिकोण ...... २
४. अन्तर्राष्ट्रिय कार्यसूची ...... ३
५. वर्तमान अवस्थाको लेखाजोखा ...... ५
(क) जनसाङ्ख्यिकी ...... ७
(ख) शैक्षिक अवसर ...... ७
(ग) स्वास्थ्य सेवामा पहुँच ...... ७
(घ) आर्थिक कार्यकलापमा संलग्नता ...... ८
(ङ) समष्टिगत स्तर ...... ८
६. परिकल्पना ...... ८
७. उद्देश्य ...... ९
८. रणनीति तथा कार्यनीति ...... ९
९. कार्यान्वयन ...... १५
१०. समन्वय ...... १९
११. स्रोत आवश्यकता ...... २०
१२. अपेक्षित उपलब्धि, अनुगमन तथा मूल्याङ्कन ...... २२


सामाजिक विकास मन्त्रालय

## १. भूमिका

लैङ्गिक विभेद जति अन्यायपूर्ण छ, त्यति नै विकासको बाधक पनि रहेको छ । लिङ्गकै आधारमा विभेदमा पर्नुपर्ने अवस्था मानव अधिकारको हनन् तथा मौलिक स्वतन्त्रतामाथिको अतिक्रमण हो । पारिवारिक सम्बन्ध र सामाजिक विधिव्यवहारमा महिलाप्रतिको विभेदपूर्ण दृष्टिकोणको प्रत्यक्ष असर आर्थिक–सामाजिक स्तरोन्नतिका सूचकहरूमा पनि देख्न सकिन्छ । पुरुषको बराबरी महिलाको अधिकार, मर्यादास्तर र भूमिका कुनैपनि समाज र राष्ट्रको आर्थिक-सामाजिक रूपान्तरणका लागि अनिवार्य छ ।

महिलाप्रति हुने जुनसुकै प्रकारका भेदभावको अन्त्य एवं लैङ्गिक समानताको प्राप्तिका लागि भएका विश्वव्यापी प्रयासमा नेपाल सक्रिय रूपमा सहभागी हुँदै आएको छ । विशेष गरी संयुक्त राष्ट्रसङ्घीय महासभा र सम्मेलनद्वारा पारित महासन्धि तथा कार्यमञ्च (Platform for action) अनुरूप राष्ट्रिय कार्ययोजनाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएका छन् । यसरी लैङ्गिक भेदभावको अन्त्य एवं समानता प्राप्तिका लागि राज्यद्वारा लिइएका सकारात्मक नीतिगत अग्रसरताहरूको परिणामस्वरूप शासकीय संरचनामा महिलाको सहभागिता, शैक्षिक अवसर तथा स्वास्थ्य सेवामा पहुँच र सम्पत्तिको स्वामित्वमा क्रमशः सुधार हुँदै आएको छ ।

नेपालको संविधानले लैङ्गिक समानतासहित महिला अधिकारको प्रत्याभूत गरेको छ । समान वंशीय हक (Lineage right), सम्पत्ति तथा पारिवारिक मामिलामा समान हक लगायतका संविधानप्रदत्त मौलिक हकहरू यस दिशामा महत्वपूर्ण छन् । यसबीचमा पुराना कानुनी व्यवस्थाहरूमा समेत समसामयिक संशोधन गरी तिनलाई लैङ्गिकमैत्री बनाउने प्रक्रियासमेत पूरा भएको छ ।

संवैधानिक मर्म, अन्तर्राष्ट्रिय वचनबद्धता एवं राष्ट्रिय कार्ययोजना अनुरूपका कार्यहरूको कार्यान्वयन प्रदेश नं. १ मा पनि प्राथमिकताका साथ गरिँदै आइएको छ । प्रदेशको प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/७७ – २०८०/८१) मा लैङ्गिक समानताः प्रदेशको मान्यताको सोच अङ्गीकार गरी प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट विनियोजन र विषयगत मन्त्रालयहरूको सेवा सञ्चालन लगायतमा लैङ्गिक समतामूलक दृष्टिकोण एवं उत्तरदायित्व प्रवर्धनमा जोड दिइएको छ । घरेलु हिंसा विरूद्धको प्रादेशिक ऐन जारी भइसकेको छ भने महिला सशक्तीकरणका लागि आवश्यक अन्य कानून तर्जुमाको प्रक्रियासमेत प्रारम्भ गरिएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवबाट औपचारिक समानता (Formal equality) को प्राप्तिले मात्र सारवान् समानता (Substantive equality) कायम गर्न पर्याप्त नहुने देखिएको छ । अतः हालसम्मको सम्प्राप्तिको जगमा प्रदेशको विशिष्ट परिकल्पना र त्यसलाई साकार पार्ने प्रस्ट रणनीतिक अभिमुखीकरण, एकीकृत दृष्टिकोण एवं समुदायस्तरदेखिका प्रयासहरूको नतिजामुखी संयोजन गरेर महिला सशक्तीकरणको प्रक्रियामा तीव्रता

ल्याउँदै लैङ्गिक समानता र दिगो विकासको आकाङ्क्षा सँगसँगै हासिल गर्ने गरी नीतिगत व्यवस्था कायम गर्न आवश्यक भएको छ ।

## २. तर्जुमा विधि

नीतिको प्रारूप तयारीका क्रममा लैङ्गिकता र विकासका लैङ्गिक आयामहरूसँग सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको थियो । नेपाल पक्ष रहेका संयुक्त राष्ट्रसङ्घीय महासन्धिका साथै संयुक्त राष्ट्रसंघको महासभा र विश्व महिला सम्मेलनलगायतका मञ्चहरूबाट पारित अन्तर्राष्ट्रिय कार्यसूचीहरूको विषयवस्तु विश्लेषण (Content analysis) गरी साझा प्राथमिकताहरू पहिल्याइएको थियो । नागरिक समाज तथा प्रदेश सभाका सदस्यहरूसँग छलफल तथा परामर्श बैठक गरी सुझावहरू लिइएको थियो । प्रारम्भिक मसौदा प्रदेशका सामाजिक विकास मन्त्रीज्यूको अध्यक्षतामा प्रदेश योजना आयोगका सदस्य, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालयलगायतको उच्च स्तरीय सहभागितामा आयोजित परामर्श बैठकमा प्रस्तुत गरेर प्राप्त पृष्ठपोषण अनुरूप त्यसलाई अन्तिम रूप दिइएको थियो ।

## ३. प्राज्ञिक दृष्टिकोण

विकासको युग (Development age) प्रारम्भ भएसँगै विकासका चुनौती, प्रवृत्ति र प्रक्रियाहरूको खोजीनिती गर्ने सिलसिलामा महिला र पुरुषको भूमिका एवं तत्सम्बन्धी सामाजिक अपेक्षा वा मान्यताहरूले के–कसरी फरक पार्दछन् ? भन्ने प्रश्नमा प्राज्ञिक जगत्को व्यापक अभिरुचि देखापर्‍यो । त्यसक्रममा विकासका समस्त प्रक्रियाहरूमा पुरुषसरह महिलाको सहभागिता, स्रोत तथा अवसरहरूमा समान पहुँच स्थापना र लैङ्गिक भूमिका परिवर्तन एवं सरोकारहरूको सम्बोधनमा जोड दिइयो । पछिल्ला वर्षहरूमा महिला अभिकार्य (Women's agency) सँग सम्बन्धित पक्षहरूमा प्राज्ञिक अध्ययन केन्द्रित भएको देखिन्छ । फलस्वरूप महिलाको विकास भूमिकाका यसअघि नआएका तथ्यहरू समेत उजागर भएका छन्, जसले महिला सशक्तीकरण महिलाविशेषको समस्या सम्झिने आम दृष्टिकोणमा क्रमशः परिवर्तन ल्याउँदैछ । अर्कोतर्फ, विपन्न महिला लक्षित विकास कार्यक्रमहरूको कार्यान्वयनको अभ्यासबाट विद्यालय शिक्षाजस्तो व्यक्तित्व विकासको आधारभूत अवसर गुमाएको अवस्थामा पनि वैकल्पिक सशक्तीकरणका आर्थिक–सामाजिक अवसरहरू सुलभ गराउन सकिन्छ भन्ने तथ्य स्थापित भएको छ । त्यस्तै, कार्यक्षेत्रमा महिलाको पृथक् दृष्टि, दीर्घकालीन सोच र संरक्षण मूल्यहरूले सामग्री–उपज अनुपात (Input-output ratio) मा सकारात्मक प्रभाव देखिँदै गर्दा शासकीय संरचनादेखि निजी वा सामाजिक क्षेत्रमा समेत महिला सहभागिताको औचित्य स्थापित हुँदै गएको देखिन्छ ।

समसामयिक प्राज्ञिक दृष्टिकोणका नीतिगत सम्बन्धहरूलाई देहायका बुँदाहरूमा राख्न सकिन्छः–

(क) महिला सहभागितासँगै महिलाको संवाहकीय भूमिकालाई प्रोत्साहन,

(ख) विपन्न पङ्क्तिका महिलाको सशक्तीकरणमा विशेष प्राथमिकता,

(ग) छिन्नभिन्न कार्यभन्दा तृणमूल तह (Grassroots level) मा आधार कार्यक्रमको सञ्चालन,

(घ) लैङ्गिक मुद्दाहरूको सम्बोधनका लागि संस्थागत विशिष्टीकरण,

(ङ) अस्थायी विशेष उपायहरू (Temporary special measures) मा भन्दा स्थायी सक्षमता विकासमा जोड,

(च) लघुवित्तमा पहुँचभन्दा सामाजिक सहायता (Social assistance) सँगै बचत परिचालनमा प्राथमिकता, र

(छ) औपचारिक अर्थतन्त्रमाभन्दा अनौपचारिक अर्थतन्त्र र त्यसको औपचारीकरणमा ध्यान (Focus) ।

## ४. अन्तर्राष्ट्रिय कार्यसूची

विश्वव्यापी रूपमा महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसङ्घीय महासन्धि, १९७९ (ई.) मा अङ्गीकार गरिएका अधिकारहरूको प्रचलन, चौथो संयुक्त राष्ट्रसङ्घीय विश्व महिला सम्मेलन, १९९५ (ई.) मा पारित बेजिङ कार्यमञ्चमा पहिचान गरिएका सरोकारहरूको सम्बोधन र संयुक्त राष्ट्रसङ्घीय महासभाबाट स्वीकृत भएका दिगो विकास लक्ष्यहरूको प्राप्ति नै लैङ्गिक समानता तथा महिला सशक्तीकरणको साझा कार्यसूचीमा पर्दछन् । संयुक्त राष्ट्रसङ्घीय महिलाको मर्यादास्तर आयोग (Commission on the status of Women) ले खास गरी बेजिङ कार्यमञ्चको कार्यान्वयनको अवस्थाको पञ्चवर्षीय सिंहावलोकनका क्रममा ध्यानाकर्षण गराउने गरेका नवोदित मुद्दाहरू (Emerging issues) लाई पनि साबिक कार्यावलीमा थप गर्नु वाञ्छनीय देखिन्छ । उपर्युक्त दस्तावेजहरूमा पहिल्याइएका प्रमुख प्राथमिकताहरूलाई मिलाएर देहायबमोजिमको एकीकृत कार्यसूची बनाउन सकिन्छः—

(क) मानवीय अधिकारको प्रत्याभूति एवं प्रचलनमा लिङ्गविशेषको विभेद अन्त्य र महिला तथा बालिकाको सशक्तीकरणका यावत् अवसरहरूको सुगमता,

(ख) लैङ्गिकता तथा लैङ्गिक मिथ्याचारसम्बन्धी सामाजिक जागृति र महिला तथा बालिकाप्रतिका भ्रामक धारणा एवं चलनचल्तीमा परिवर्तन,

(ग) महिला तथा बालिकाको बेचबिखन, ओसारपसार तथा आधुनिक दासताका साथै जुनसुकै लैङ्गिक हिंसाजन्य कार्यको निवारण एवं प्रभावितका लागि सामाजिक सहयोग, उपचार र न्याय,

(घ) राजनीतिक, आर्थिक, सार्वजनिक नीति–निर्णयहरूमा महिलाको समानुपातिक प्रतिनिधित्व, सार्थक सहभागिता र सशक्त आवाज,

(ङ) शैक्षिक अवसरहरूको समानता र पढाइ अधुरो भएका बालिका तथा महिलाका लागि शिक्षा, प्रशिक्षा एवं व्यक्तित्व विकासका वैकल्पिक अवसरहरूको सुगमता,

(च) घरमुली महिलालगायत गरिबीको मारमा परेका महिला तथा बालिकाका लागि लक्षित कार्यक्रम, सामाजिक सुरक्षा एवं पोषण सहयोग,

(छ) रोजगारी तथा स्वरोजगारीका अवसरहरूमा महिलाप्रति हुने जुनसुकै विभेदको अन्त्य, कार्यस्थलीय सुरक्षा, प्रजनन स्वास्थ्यविशेषका सरोकारको सम्बोधन, महिलामैत्री सकारात्मक कार्यहरूको बढवा र अनौपचारिक रोजगारीको औपचारीकरण,

(ज) प्रजनन स्वास्थ्य सेवाको सुलभता तथा प्रजनन अधिकारको प्रवर्धन,

(झ) सम्पत्ति, वित्तीय साधन र प्राकृतिक स्रोतमाथि पुरुषसरह पहुँच, स्वामित्व र उपयोगको अधिकार,

(ञ) ग्रामीण तथा बहुविपन्न महिला तथा बालिकाहरूको विशेष अवस्था अनुरूप सङ्गठन, विकास सहभागिता र स्रोतमा पहुँचमा आधारित लक्षित सशक्तीकरणका पहलहरू,

(ट) पारिवारिक हेरचाह तथा घरधन्दामा महिला–पुरुष र बालक–बालिकाको बराबरी अंसियारीलाई प्रोत्साहन एवं महिला तथा बालिकालाई शिक्षा–दीक्षा, आयमूलक वा सामाजिक कार्यमा सरिक हुने पुरुष र बालकसरहको समय,

(ठ) समान अवसर प्रदान गर्दा समेत साबिक विभेदका कारण पुरुष वा बालकसरह स्रोत तथा अवसरहरूमा पहुँच प्राप्त गर्न नसक्ने अवस्था रहुन्जेल महिला वा बालिकाका लागि विशेष संरक्षण वा सहयोगी उपायहरूको नीतिगत व्यवस्था,

(ड) द्वन्द्वका वेला महिला तथा बालिकाको संरक्षणका लागि निरोधात्मक एवं प्रतिकारात्मक उपायहरूको अवलम्बन र शान्ति वार्ता, मध्यस्थता एवं सहमति कार्यान्वयनमा महिलाको अग्रणी सहभागिता,

(ढ) स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक सरोकारहरूको सम्बोधन र महिला सशक्तीकरणका कार्यहरूको संयोजन, पुनरावलोकन एवं परिपूरणका लागि स्रोतसम्पन्न शासकीय संरचना,

(ण) प्राकृतिक स्रोतको संरक्षण तथा उपयोग नियमनका साथै जलवायु परिवर्तन र विपद् जोखिमको सम्बोधनमा महिला सहभागिता एवं नेतृत्व,

(त) अन्य सरोकारहरूमा महिलाको हकमा भएका व्यवस्थाका अतिरिक्त विपन्न किशोरीहरूको शिक्षा–दीक्षा, प्रजनन स्वास्थ्य र विद्यालय शिक्षाबाट वञ्चित भएको अवस्थामा सशक्तीकरणको पहल,

(थ) विकास, सेवा प्रवाह तथा शासकीय प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण (महिलामैत्री दृष्टिकोण, महिलाविशेषका सरोकारहरूको सम्बोधन र महिलाको अग्रपङ्क्तिय सहभागितालाई प्रोत्साहन),

(द) लैङ्गिकता–सम्बोधक बजेट तर्जुमा एवं कार्यान्वयन–पुनरावलोकनको परिपाटी, र

(ध) स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक रूपमा खण्डीकृत तथ्याङ्क–आधारको सृजना र वस्तुपरक नीति विश्लेषण ।

## ५. वर्तमान अवस्थाको लेखाजोखा

**तालिका १ : लैङ्गिक समानताविशेषका विकास सूचकहरू**

| सूचक | एकाइ | प्रदेश नं. १ | | नेपाल | | स्रोत |
|---|---|---|---|---|---|---|
| क. जनसाङ्ख्यिकी | | पुरुष | महिला | पुरुष | महिला | |
| कुल जनसंख्यामा महिलाको अनुपात | अनुपात | ५१.२२ | | ५१.०४ | | Nepal Population and housing Census Report 2021, (ई.) प्रारम्भिक नतिजा, केन्द्रीय तथ्याङ्क विभाग |
| लैङ्गिक अनुपात | अनुपात | ९५.२३ | | ९५.९१ | | ऐ. |
| महिला घरमुली | प्रतिशत | २६.३ | | २५.७ | | Nepal Population and housing Census Report 2011 (ई.), केन्द्रीय तथ्याङ्क विभाग र प्रदेश नं. १ को प्रथम आवधिक योजना |
| ख. शिक्षा | | | | | | |
| पूर्वबालविकास/पूर्व प्राथमिक शिक्षामा भर्नादर | प्रतिशत | ९२.१ | ९०.५ | ८४.१ | | पन्ध्रौं योजना र प्रदेश नं. १ को प्रथम आवधिक योजना |
| विद्यालय शिक्षामा लैङ्गिक समता | अनुपात | समदर | | समदर | | Flash 1 Report 2018/19 (ई.), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| साक्षरता दर (५ वर्ष र | प्रतिशत | ७९.२ | ६३.९४ | ७५.१ | ५७.३९ | Education in figures, 2017 (ई.), |

सामाजिक विकास मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| माथिको) | | ७ | | ४ | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| शैक्षिक जनशक्ति (विद्यालय स्तरः १–१२ कक्षा) | प्रतिशत | ६६.२ | ३३.८ | ६३.१ | ३६.९ | Education in figures, 2017 (ई.), शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र प्रदेश नं. १ को प्रथम आवधिक योजना |
| ग. स्वास्थ्य | | | | | | |
| कुल प्रजनन दर | प्रतिमहिला | २.३ | | २.३ | | नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ (ई.) |
| मातृ मृत्यु दर | प्रतिलाख जीवित जन्म | | | २३९ | | ऐ. |
| परिवार नियोजनका साधन (आधुनिक) प्रयोग दर | प्रतिशत | ४० | | ४३ | | ऐ. |
| विवाहको मध्यवर्ती उमेर | वर्ष | २२.७ | १९.४ | २१.७ | १७.९ | ऐ. |
| प्रजनन उमेरका महिलामा रक्तअल्पता | प्रतिशत | ४०.८ | | ४३.३ | | ऐ. |
| संस्थागत (स्वास्थ्य केन्द्रमा) प्रसूति | प्रतिशत | ६२ | | ५७ | | ऐ. |
| जीवनमा संवेगात्मक, शारीरिक वा यौनजन्य हिंसाबाट प्रभावित महिला | प्रतिशत | २१.६ | | २६.३ | | ऐ. |
| घ. आर्थिक कार्यकलाप | | | | | | |
| श्रम सहभागिता दर | प्रतिशत | ५२.७ | २५.६ | ५३.८ | २६.३ | Report on the Nepal Labour Force Survey 2017/18 (ई.), केन्द्रीय तथ्याङ्क विभाग |
| अनौपचारिक रोजगारी | प्रतिशत | ८४.८ | | ८१.१ | ९०.५ | ऐ. |
| व्यवस्थापकीय तहमा प्रतिनिधित्व | प्रतिशत | | | ८६.८ | १३.२ | ऐ. |
| न्यून पारिश्रमिक दर (Low pay rate) पाउनेको अनुपात | प्रतिशत | | | १६.० | ४२.६ | ऐ. |
| औसत मासिक आय अनुपात (पुरुष–महिला) | अनुपात | १:०.७२ | | १:०.७० | | Report on the Nepal Labour Force Survey 2017/18 (ई.), केन्द्रीय तथ्याङ्क विभाग र प्रदेश |

सामाजिक विकास मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| | | | | नं. १ को प्रथम आवधिक योजना |
| सम्पत्तिको स्वामित्व | प्रतिशत | १५.३ | १९.७१ | Nepal Population and Housing Census Report 2011 (ई.), केन्द्रीय तथ्याङ्क विभाग र प्रदेश नं. १ को प्रथम आवधिक योजना |
| ङ. समष्टिगत | | | | |
| लैङ्गिक विकास सूचकाङ्क (GDI) | सूचकाङ्क | ०.९०१ | ०.८८६ | Nepal Human Development Report, 2020 (ई.) |
| लैङ्गिक विषमता सूचकाङ्क (GDI) | सूचकाङ्क | ०.४५९ | ०.४७९ | ऐ. |
| राजनीतिक प्रतिनिधित्व (स्थानीय तह) | प्रतिशत | ४१ | ४१ | निर्वाचन आयोग, २०७४ र प्रदेश नं. १ को प्रथम आवधिक योजना |

### (क) जनसाङ्ख्यिकी

प्रदेशमा राष्ट्रिय स्तरमा भन्दा महिलाको अनुपात केही बढी छ । महिला घरमुली अनुपात समेत सोही अनुरूप देखिन्छ । महिला मुली भएका घरमा गरिबीको मार (Incidence of poverty) बढी पर्ने विश्वव्यापी प्रवृत्ति देखिएकाले महिला सशक्तीकरणका कार्यहरूमा घरमुली महिलातर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यस्तै, वैदेशिक रोजगारी तथा आन्तरिक बसाइँ–सराइका कारण देखा पर्न सक्ने श्रम शक्ति अभावले महिलाको कार्यबोझमा पार्ने असरको लेखाजोखा एवं अल्पीकरण (Mitigation) पहल तर्फ ध्यान दिनु समेत आवश्यक देखिन्छ ।

### (ख) शैक्षिक अवसर

मानवीय पुँजी विकासमा सबभन्दा महत्वपूर्ण मानिएको पूर्व बालविकास/पूर्व प्राथमिक शिक्षामा देश वा प्रदेशको अवस्था सुधारोन्मुख देखिए तापनि विद्यालय शिक्षामा जस्तो लैङ्गिक समदर (Gender parity) किन कायम हुन सकेन होला ? भन्ने प्रश्नको उत्तर खोज्न आवश्यक देखिन्छ । साक्षरता दरमा अत्यधिक लैङ्गिक अन्तर (देशमा : १७.७५, प्रदेशमा १५.३३ प्रतिशत बिन्दु) कायम रहनु त्यत्तिकै विचारणीय छ । त्यस्तै, नेपाल जीवनस्तर मापन सर्वेक्षण, २०६७/६८ अनुसार जीवनमा कहिल्यै विद्यालय नगएका ग्रामीण महिलाको अनुपात ४७.४ प्रतिशत रहिआएको तथ्यले आधाआधी महिलाहरू विद्यालय शिक्षाजस्तो आधारभूत अवसरबाट वञ्चित रहेको अवस्थामा उनीहरूलाई आफ्नो प्रतिभा विकास गर्ने तथा राष्ट्रको विकासमा भूमिका खेल्ने वैकल्पिक अवसर प्रदान गरिनु आवश्यक देखिन्छ ।

### (ग) स्वास्थ्य सेवामा पहुँच

कुल प्रजनन दर (Total Fertility Rate - TFR) उच्च तहदेखि छिटै घटी हाल विस्थापन स्तर (प्रतिमहिला २.१) को हाराहारीमा आउनु महिला सशक्तीकरणको सूचक भएतापनि मातृ मृत्युदर, उच्च रक्तअल्पता अनुपात र

सामाजिक विकास मन्त्रालय

संवेगात्मक, शारीरिक वा यौनजन्य हिंसा अपेक्षाकृत रूपमा घटाउन नसकिनु अझैपनि चिन्ताकै रूपमा रहेको छ । प्रजनन स्वास्थका साथै शैक्षिक प्राप्ति समेतमा तात्विक अन्तर पार्ने विवाहको मध्यवर्ती उमेर (Median age at first marriage) राष्ट्रिय र प्रादेशिक दुवै स्तरमा मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७३ मा तोकिएको न्यूनतम उमेर (२० वर्ष) भन्दा पनि तल छ ।

### (घ) आर्थिक कार्यकलापमा संलग्नता

महिला सशक्तीकरण र अभिकार्य भूमिका (Agency role) का लागि अत्यन्त महत्वपूर्ण रहने श्रम बजार सहभागिता (Labour market participation) को स्तर र प्रकृति दुवैमा स्पष्ट रूपमा लैङ्गिक विभेद देखिन्छ । पुरुषको तुलनामा महिलाको श्रम सहभागिता दरको अन्तर राष्ट्रिय र प्रादेशिक स्तरमा क्रमश: २७.५ र २७.१ प्रतिशतको बिन्दुमा रहेको छ । देशमा जम्मा रोजगार महिलामध्ये ९०.५ प्रतिशतको रोजगारी अनौपचारिक छ, जुन पुरुषको दाँजोमा ९.४ प्रतिशत बिन्दुले बढी हुन्छ । पारिश्रमिकतर्फ न्यून पारिश्रमिक दर पाउनेको अनुपात पुरूषको १६ प्रतिशतको दाँजोमा महिलाको ४२.६ प्रतिशत रहेको छ । पुरुष र महिलाको औसत मासिक आयमा त्यस्तै अन्तर देखिन्छ । राष्ट्रिय स्तरमा पुरुषले रु. १०० कमाउँदा महिलाले रु. ७० मात्र कमाउने गरेको पाइन्छ – यद्यपि प्रदेशमा सो अन्तर केही घटी छ । यी तथ्यहरूले महिला सशक्तीकरण र मौजुदा असमानताको अन्त्यका लागि नीतिगत पहल लिनुपर्ने क्षेत्रमा श्रम बजार र खास गरी अनौपचारिक रोजगारी सम्बन्ध पनि रहेको प्रस्टै जनाउँछन् ।

### (ङ) समष्टिगत स्तर

मानव विकासका सूचकहरूमा महिला र पुरुषबीचको अन्तरबोधक लैङ्गिक विकास सूचकाङ्क (Gender-related Development Index - GDI) को राष्ट्रिय मान (०.८८६) मा पछिल्ला वर्षहरूमा सुधार आउन नसकेको बरु अन्तर केही बढेको देखिन्छ । प्रजनन स्वास्थ्य, राजनीतिक प्रतिनिधित्व र श्रम बजार सहभागितामा आधारित लैङ्गिक विषमता सूचकाङ्क (Gender Inequality Index - GII) मा पनि झन्डै त्यस्तै अवस्था झल्किन्छ । लैङ्गिक समानता हासिल गर्ने दिशामा जारी प्रयासहरूमा तीव्रता ल्याउनुपर्ने आवश्यकता सूचकाङ्कहरूले औँल्याएका छन् । महिलाको राजनीतिक प्रतिनिधित्व (खास गरी स्थानीय स्तर) मा उल्लेखनीय सुधार आएको मान्न सकिएतापनि सोअनुसारको प्रभाव महिला सशक्तीकरण एवं असमानता न्यूनीकरणमा देखा परिनसकेको तथ्य हेर्दा बहुक्षेत्रीय र एकीकृत अग्रसरताको आवश्यकतासमेत देखिन्छ ।

## ६. परिकल्पना

महिला समानता र विकास सहभागितामा परिचित प्रदेश ।

## ७. उद्देश्य

(१) पारिवारिक सम्बन्ध, सामाजिक विधिव्यवहार तथा घरायसी कार्य–अंसियारीमा लैङ्गिक समानता कायम गर्नु,

(२) औपचारिक, अनौपचारिक तथा घरधुरीसमेतका आर्थिक एकाइमा महिलामैत्री कार्यवातावरण सृजना गर्नु, र

(३) विकास, व्यवसाय तथा शासकीय प्रक्रियामा महिलाको समान अग्रणी सहभागिता सुनिश्चित गर्नु ।

## ८. रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पारिवारिक सम्बन्ध, सामाजिक विधिव्यवहार तथा घरायसी कार्य–अंसियारीमा लैङ्गिक समानता (उद्देश्य ७.१) उन्मुख | |
| १. समुदायस्तरमा महिला सशक्तीकरण तथा सामाजिक परिवर्तनको आधार कार्यक्रम सञ्चालन गर्ने । | (क) ग्रामीण विपन्न महिलाहरूको व्यापक सहभागितामा प्रत्येक वडामा महिला संस्था प्रवर्धन गरिनेछ ।<br><br>(ख) महिला संस्थालाई सदस्यहरूको व्यक्तित्व विकासका साथै महिला अधिकारप्रतिको सचेतना, लैङ्गिक भूमिका परिवर्तन एवं पुरुष सहभागिता प्रवर्धनजस्ता विभेदप्रतिरोधी सामाजिक शक्ति सृजना गर्ने माध्यमका रूपमा स्थापित गर्न आश्यकतामा आधारित क्रियाकलापहरू सञ्चालन गर्न सहयोग पुऱ्याइनेछ ।<br><br>(ग) जीविकोपार्जनको भरपर्दो आधार नभएका विपन्न महिलाहरूको हकमा संस्थाअन्तर्गत व्यावसायिक समूहहरू विकास गरेर स्थानीय प्राकृतिक स्रोतमा पहुँच स्थापना, उत्पादन सीप हस्तान्तरण वा पुस्तैनी सीपको आधुनिकीकरण एवं प्रमाणीकरण र विकास वित्त एवं बजार पहुँचलगायतका सेवा प्रदान गरी स्वरोजगारीमूलक आयस्तर बढाउने पहलहरूलाई बढवा दिइनेछ ।<br><br>(घ) महिला तथा बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार र शोषणको अन्त्यका लागि छिमेकी निगरानी, प्रभावितको तत्काल संरक्षण तथा न्यायमा पहुँचसमेत अभिवृद्धि गर्दै समुदायमा आधारित |

सामाजिक विकास मन्त्रालय

| | |
|---|---|
| | संरक्षण प्रणालीको अभिन्न भागको रूपमा महिला संस्थालाई विकसित गराउनुका साथै तत्सम्बन्धी विवाद निरूपणका सिलसिलामा स्थानीय तहको न्यायिक समितिको कार्यमा महिला संस्थाको सहयोगी भूमिकाको रूपाङ्कन गर्न पहल गरिनेछ । |
| | (ङ) विद्यालय शिक्षाबाट वञ्चित किशोरीको शैक्षिक निरन्तरता एवं सूचना, परामर्शलगायत सशक्तीकरणका कार्यकलापहरू महिला संस्थाको कार्यक्रममा एकीकृत गरिनेछ । |
| | (च) प्राकृतिक स्रोतको संरक्षण तथा जलवायु परिवर्तन अनुकूलनका कार्यहरूमा महिला संस्थाको अग्रणी भूमिकालाई प्रोत्साहन गरिनेछ । |
| | (छ) विगतमा महिला विकास कार्यक्रमअन्तर्गत प्रवर्धन गरिएका महिला संस्था तथा समूहहरूको सुदृढीकरण गरिनेछ । |
| | (ज) आधार कार्यक्रमअन्तर्गत समुदाय तहका सेवाहरूको परिपूरक हुने गरी जिल्ला तथा प्रदेश स्तरमा महिला पुनर्स्थापना केन्द्र, मनोसामाजिक मनोविमर्शजस्ता विशेषीकृत सेवा सञ्चालनमा गैरसरकारी संस्थाहरूसँग साझेदारी गरिनेछ । |
| | (झ) महिला तथा बालबालिकामाथि हुने हिंसात्मक कार्यको प्रतिवेदन, अनुसन्धान तथा न्याय सम्पादनको प्रक्रियालाई पीडितमैत्री तुल्याउन तत्सम्बन्धी निकायहरूको सहजीकरण भूमिका सुनिश्चित गरिनेछ । |
| | (ञ) मनोसामाजिक मनोविमर्शकर्ताहरूको सूचीकरण गरी हिंसा प्रभावित महिला तथा बालबालिकाका लागि प्रदेशको जुनसुकै स्थानमा शीघ्रातिशीघ्र निःशुल्क सेवा उपलब्ध हुने व्यवस्था मिलाइनेछ । |
| | (ट) स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएबमोजिम प्रवर्धित महिला संस्थाहरूको संस्थागत एवं व्यावसायिक विकासका साथै त्यस्ता संस्थाहरूसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न बीउपुँजी, अनुदान वा उपयुक्त अन्य रूपमा वित्तीय सहयोग प्रदान गर्ने गरी आवश्यकताअनुसार खर्चका मापदण्ड तथा |

सामाजिक विकास मन्त्रालय

| | |
|---|---|
| | अनुदान निर्देशिका निर्माण गरिनेछ । |
| औपचारिक, अनौपचारिक तथा घरधुरीसमेतका आर्थिक एकाइमा महिलामैत्री कार्यवातावरण सृजना (उद्देश्य ७.२) उन्मुख | |
| २. लक्षित सेवासहित अनौपचारिक महिला रोजगारीको औपचारीकरणमा तीव्रता ल्याउने । | (क) विशेष गरी शहरी अनौपचारिक क्षेत्रमा स्वहिसाबका श्रमिक (Own account workers) वा सहयोगी पारिवारिक कामदार (Contributing family workers) को हैसियतमा कार्यरत महिलाको पहिचान गरी वस्तु वा सेवाको उत्पादनमूलक काम भए श्रमिक सहकारी ढाँचामा र बन्द–व्यापारको काम भए पेसा वा टोल–बस्तीका आधारमा सङ्गठित हुन सहयोग गरिनेछ ।<br><br>(ख) महिला श्रमिक सहकारी संस्थाहरूको प्रवर्धनका लागि बीउपुँजी, साझा वा व्यक्तिगत उपयोगका उपकरण सहयोग, सीप विकास एवं प्रविधि हस्तान्तरणलगायत आवश्यकतामा आधारित सेवा प्रदान गरिनेछ ।<br><br>(ग) पेसा वा टोलविशेषका महिला समूहहरूलाई विभिन्न सेवा प्रदायक तथा अन्य सरोकारवालाहरूसँगको सम्बन्धन एवं समझदारीसमेतका आधारमा पेसागत समस्याहरूको समाधानमा सहजीकरणको व्यवस्था मिलाइनेछ ।<br><br>(घ) श्रमिक सहकारी संस्था वा पेसा वा टोल–बस्तीमा आधारित महिला समूहहरूलाई शिशु स्याहार केन्द्रलगायतका सेवा सञ्चालन, सामाजिक सुरक्षामा पहुँच स्थापना र बिजुली, पानी, सरसफाइजस्ता जीवननिर्वाहका आधारभूत सुविधाहरूको स्तरोन्नतिमा माध्यमको रूपमा कार्य गर्न प्रोत्साहन गरिनेछ ।<br><br>(ङ) महिला श्रमिकहरूलाई निर्धारित ढाँचाको करार सम्झौताका आधारमा मात्र घरेलु कामदारको रूपमा पूर्ण वा आंशिक समय काममा लगाउन सकिने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br><br>(च) अनौपचारिक तथा घरधुरी (Household) क्षेत्रमा कार्यरत महिला कामदारहरूलाई सामाजिक सुरक्षाअन्तर्गत ल्याउने गरी उनीहरूको अवस्था र रोजगारी सम्बन्ध अनुकूल हुने गरी सामाजिक सुरक्षाका विशेषीकृत एवं वैकल्पिक योजनाहरू लागु गर्न पहल लिइनेछ तथा त्यस्ता योजनाहरूमा महिला |

सामाजिक विकास मन्त्रालय

| | |
|---|---|
| | कामदारको पहुँच स्थापित गर्न प्रदेश सरकारको तर्फबाट उपयुक्त स्तरमा आवश्यक स्रोत योगदानसमेत गरिनेछ ।<br><br>(छ) पतिको नामको व्यवसायमा सहयोगी पारिवारिक कामदारको रूपमा कार्यरत पत्नीको नामसमेत अभिलेखमा राखी त्यस्तो व्यवसायको हकमा बिक्री, स्थानान्तरण वा भाडा, ऋण वा साझेदारी सम्झौताजस्ता दीर्घकालीन असर पर्ने निर्णय गर्दा पत्नीको समेत सहमति आवश्यक पर्ने गरी कार्यविधि निर्माण गरिनेछ ।<br><br>(ज) अनौपचारिक क्षेत्रको औपचारिकरणका लागि दर्ता, नवीकरण, लेखापालन लगायतका कार्यको सरलीकरणका लागि अध्ययन गरी पहल लिनुका साथै त्यस क्रममा प्रदेश सरकारको तर्फबाट हस्तान्तरण हुने जुनसुकै सम्पत्तिको स्वामित्व वा भोगाधिकार भएसम्म परिवारका महिला सदस्यमा रहने गरी कानुनी व्यवस्था गरिनेछ ।<br><br>(झ) घरायसी कामको मौद्रिकीकरण गरी प्रादेशिक गार्हस्थ्य उत्पादनमा समावेश गर्ने प्रयोजनका लागि प्राज्ञिक अध्ययन गराइनेछ । |
| ३. कामविशेष (Job-related) का लैङ्गिक सरोकारहरूको सम्बोधन प्रभावकारी बनाउने । | (क) कलकारखाना, उत्खनन, निर्माण लगायतका जुनसुकै क्षेत्रको काममा महिलामैत्री सर्तहरू कायम गराउन रोजगारदाता, श्रमिक सङ्गठन र अन्य सरोकारवालाहरूसँगको परामर्शमा अनिवार्य तथा अपेक्षित वर्ग खुलाएर निश्चित मापदण्डहरू स्वीकृत गरी लागु गरिनेछ ।<br><br>(ख) अनिवार्य मापदण्डहरू रोजगारदाताले पालना गर्नुपर्ने तथा व्यावसायिक लागतका कारण रोजगारदाताको तर्फबाट पालना गर्न अव्यावहारिक हुने अपेक्षित मापदण्डहरूका हकमा प्रदेश सरकारको तर्फबाट कर छुट, सुविधा वा स्रोत योगदानजस्ता उपायद्वारा क्रमशः लागु गर्दै लगिनेछ ।<br><br>(ग) निर्धारित मापदण्डअनुसार घुम्ती शिशु स्याहार तथा पूर्व बालशिक्षाजस्ता सेवाहरूको व्यवस्था मिलाउन विशेषीकृत गैरसरकारी संस्थाहरूसँग साझेदारी गरिनेछ । |

सामाजिक विकास मन्त्रालय

| | |
|---|---|
| | (घ) घरेलुलगायतका जुनसुकै रोजगारी सम्बन्धमा मापदण्डहरूको पालनाको अवस्थाको नियमित निरीक्षण, गुनासो सुनुवाइ आदि व्यवस्थासहित लैङ्गिक सरोकारहरूको प्रभावकारी नियमनको परिपाटी बसालिनेछ ।<br><br>(ङ) सपिङ्ग मल जस्ता ठुला व्यापारिक भवनहरू, विमानस्थल, बस बिसौनीजस्ता सार्वजनिक स्थलमा निश्चित मापदण्ड तोकी स्तनपान कक्ष निर्माण गर्नुपर्ने व्यवस्था मिलाइनेछ । |
| विकास, व्यवसाय तथा शासकीय प्रक्रियामा महिलाको समान अग्रणी सहभागिताको सुनिश्चितता (उद्देश्य ७.३) उन्मुख | |
| ४. गैरसरकारी, सहकारी तथा निजी क्षेत्रसम्म सकारात्मक कार्य (Affirmative action) को दायरा फराकिलो पार्ने । | (क) निश्चित सङ्ख्याभन्दा बढी कर्मचारी, कामदार हुने गैरसरकारी, सहकारी र निजी क्षेत्रका सङ्गठनहरूमा कार्यप्रकृतिअनुसार न्यूनतम अनुपातहरूमा महिला कर्मचारी तथा कामदारको प्रतिनिधित्वका सम्बन्धमा सम्बन्धित सरोकारवालाहरूसँगको परामर्शका आधारमा स्वैच्छिक मानकहरू तोकिने छन् ।<br><br>(ख) सम्बन्धित गैरसरकारी, सहकारी र निजी व्यावसायिक संस्थाहरूसँगको सहकार्यमा स्वैच्छिक मानकहरूको पालनाको अवस्थाको अनुगमनका साथै तत्सम्बन्धी प्रोत्साहन समेतको व्यवस्था मिलाइनेछ ।<br><br>(ग) सहकारी संस्थाका सञ्चालकहरूमा कायम रहेको न्यूनतम ३३ प्रतिशत महिला प्रतिनिधित्वको व्यवस्थालाई एक निर्वाचन अवधिमा जुन पदाधिकारी परेको हो अर्को निर्वाचन अवधिमा अर्को पदाधिकारी पर्ने गरी समितिका पदाधिकारी (अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष) मा समेत विस्तार गरिनेछ तथा तदनुसारको व्यवस्था गैरसरकारी सङ्गठनहरूमा समेत लागु गरिनेछ ।<br><br>(घ) निजी व्यावसायिक कम्पनीहरूको सञ्चालक समितिमा निश्चित अनुपातमा महिला प्रतिनिधित्व सुनिश्चित गर्ने गरी स्वैच्छिक मानकहरू तय गर्ने सम्बन्धमा सरोकारवालाहरूसँग परामर्श गरी उपयुक्त व्यवस्था मिलाइनेछ । |
| ५. सार्वजनिक सेवा वा कार्य, स्रोत | (क) प्रदेशमातहतका प्रत्येक निकायमा नीति–योजनाविशेषको |

| | |
|---|---|
| विनियोजन तथा आम सञ्चारमा लैङ्गिक उत्तरदायित्व (Gender-responsiveness) बढाउने । | एकाइलाई लैङ्गिक सम्पर्क–बिन्दु (Gender focal point) तोकी सम्बन्धित निकायका सेवा तथा कार्यहरूमा लैङ्गिक मूलप्रवाहीकरणको प्रक्रिया संस्थागत गरिनेछ ।<br><br>(ख) लैङ्गिक सरोकारहरूको पहिचान, सहभागितामूलक स्वलेखाजोखा र सम्बोधनलगायतका पक्षमा सम्पर्क–बिन्दुहरूको पेसागत दक्षता विकास गर्नुका साथै नियमित अन्तरक्रिया, संयुक्त कार्यक्रमिक पहल आदिको माध्यमबाट अन्तरक्षेत्रीय समन्वय एवं सिकाइ साझेदारीलाई बढवा दिइनेछ ।<br><br>(ग) प्रदेशको बजेट तर्जुमा प्रक्रियालाई लैङ्गिक उत्तरदायी बनाई सोसम्बन्धमा स्थानीय तहहरूको प्रयासमा आवश्यकताअनुसार सहयोग गरिनेछ ।<br><br>(घ) आम सञ्चारमा महिलाको वैचारिक प्रतिनिधित्व, लैङ्गिकमैत्री भाषाको प्रयोग एवं सकारात्मक छवि प्रक्षेपण सुनिश्चित गर्ने गरी सञ्चारकर्मीको आचार संहिता बनाई लागु गर्ने व्यवस्था मिलाउनुका साथै विषयगत पत्रकार समूहसँगको सहकार्य तथा नियमित अन्तरक्रियालाई प्रोत्साहन गरिनेछ ।<br><br>(ङ) लैङ्गिक सरोकारहरूको पहिचान र सम्बोधनका समस्त प्रक्रियाहरूमा प्रादेशिक प्राज्ञिक जगत्को संलग्नतामा अभिवृद्धि गरिनेछ ।<br><br>(च) प्रदेशव्यापी रूपमा लैङ्गिक मूलप्रवाहीकरण तथा महिला सशक्तीकरणका प्रयासहरूको संयोजन गर्न महिला सम्बन्धी विषय हेर्ने मन्त्रालयको विषयगत महाशाखालाई कार्यक्षेत्रीय विशिष्टीकरण, पेसागत जनशक्ति एवं बजेटसहित स्रोतसम्पन्न बनाइनेछ ।<br><br>(छ) द्विवार्षिक रूपमा लैङ्गिक समानताको उन्नयनमा भएका प्रयास, प्रतिफल र उत्कृष्ट अभ्यास एवं सिकाइको प्रलेखीकरणसहित प्रदेशको लैङ्गिक विकास प्रतिवेदनको प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ । |
| ६. स्थानीय सरकारसँगको साझेदारी | (क) स्थानीय तहसँगको साझेदारीमा आधार कार्यक्रम, अनौपचारिक |

| | |
|---|---|
| एवं कार्यक्रमगत सम्बन्धन सुदृढ तुल्याउने । | क्षेत्रका महिला विशेषलगायत समुदायस्तरका समस्त कार्यकलापहरू सञ्चालन गरिनेछ ।<br><br>(ख) प्रदेशमातहतका कृषि, वन, घरेलु उद्योगलगायतका क्षेत्रगत निकायहरूले स्थानीय सरकारको सहयोगमा समुदायमा सेवा सञ्चालन गर्दा उपयुक्तताका आधारमा महिला संस्थाको माध्यम अपनाउने गरी कार्यविधि निर्माण गरिनेछ ।<br><br>(ग) स्थानीय तहदेखि प्रदेशसम्म साझा स्रोतको रूपमा लैङ्गिक खण्डीकृत तथ्याङ्क–आधार खडा गरी उपयोग व्यवस्था मिलाइनेछ ।<br><br>(घ) स्थानीय सरकारको विशिष्टीकृत शाखाको सामाजिक परिचालन, लैङ्गिक विश्लेषण, अधिवाचन (Advocacy) समेतका पक्षमा पेसागत दक्षता विकास एवं स्रोत सामग्रीको व्यवस्थापनका लागि व्यवस्था मिलाइनेछ ।<br><br>(ङ) लैङ्गिक समानता तथा महिला सशक्तीकरणमा प्रदेश र स्थानीय तहका प्रयासहरूमा परिपूरकता ल्याउन, उत्कृष्ट अभ्यासहरूको अनुकरणलाई बढवा दिन एवं साङ्गठनिक सिकाइको प्रक्रिया स्थापित गर्न नियमित परामर्श, अनुगमन तथा मूल्याङ्कनको परिपाटी बसालिनेछ । |

## ९. कार्यान्वयन

प्रदेश नं १ को प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/७७ – २०८०/८१) सँग तादात्म्य रहने गरी पहिलो चरण र आगामी आवधिक योजनाको अनुमानित अवधि (आर्थिक वर्ष २०८१/८२ – २०८५/८६) को पाँच वर्ष दोस्रो चरण गरी दुई चरणमा नीति कार्यान्वयन गरिनेछ ।

तदनुसार प्रत्येक रणनीतिक नतिजा क्षेत्र (Strategic result area) मा कार्यान्वयन कोसेढुङ्गा (Implementation milestones) सहितको कार्ययोजना तालिका २ मा दिइएको छ ।

**तालिका २ : चरणगत कार्ययोजना**

| उद्देश्य | नतिजा क्षेत्र | कार्यान्वयन कोसेढुङ्गा | | सहयोगी निकाय |
|---|---|---|---|---|
| | | पहिलो चरण | दोस्रो चरण (२०८१/८२ | |

सामाजिक विकास मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| | | (२०७६/७७ – २०८०/८१) | – २०८५/८६) | |
| पारिवारिक सम्बन्ध, सामाजिक विधिव्यवहार तथा घरायसी कार्य–अंसियारीमा लैङ्गिक समानता (७.१) | • घरायसी काममा पुरुष सहभागिता<br>• विवाहको उमेरमा बढोत्तरी<br>• महिला तथा बालिकाप्रतिका हिंसाजन्य घटना एवं हानिकारक अभ्यासहरूमा कटौती<br>• विपन्न सदस्यहरूको जीविकोपार्जनका आधार<br>• महिलाको सामाजिक भूमिकामा विस्तार<br>• प्राकृतिक स्रोतको जगेर्ना | • स्थानीय तहहरूसँग परामर्श, साझेदारीको रूपाङ्कन तथा समझदारी–पत्र<br>• समुदायस्तरीय आधार कार्यक्रमको साझा दिग्दर्शन तर्जुमा<br>• मौजुदा महिला संस्था, समूहहरू तथा किशोरी समूहहरूको संयुक्त नक्साङ्कन<br>• सम्बद्ध कर्मचारीहरूको अनुशिक्षण<br>• महिला संस्थामार्फत आवश्यकतामा आधारित कार्यक्रमहरूको प्रारम्भ<br>• स्थानीय तह न्यायिक समितिको कार्यमा महिला संस्थाको सहयोगी भूमिका पहिचान तथा रूपाङ्कन<br>• स्वमूल्याङ्कन तथा सिकाइको प्रलेखीकरण | • स्थानीय तहहरूसँगको परामर्शमा साझेदारी तथा समझदारी–पत्रको पुनरावलोकन<br>• महिला संस्थामार्फत आवश्यकतामा आधारित कार्यक्रमहरूको विस्तार<br>• जिल्ला तथा प्रदेश स्तरसम्म सेवा सम्बन्धन स्थापना<br>• स्वतन्त्र मूल्याङ्कन तथा नीतिगत पुनरावलोकन | प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, विषयगत मन्त्रालयहरू र स्थानीय तहहरू |
| औपचारिक, अनौपचारिक तथा घरधुरीसमेतका आर्थिक एकाइमा महिलामैत्री कार्यवातावरण सृजना (७.२) | • महिला श्रम सहभागितामा बढोत्तरी<br>• अनौपचारिक रोजगारीबाट औपचारिक रोजगारीतर्फको सङ्क्रमण<br>• न्यून पारिश्रमिक कोष्ठकमा पर्ने रोजगार महिलाको | • स्थानीय तहहरूसँग परामर्श, साझेदारीको रूपाङ्कन तथा समझदारी–पत्र<br>• अनौपचारिक रोजगारीमा संलग्न महिलाको आधार–रेखा नमुना सर्वेक्षण<br>• परीक्षणस्वरूप दुई फरक स्थान र कार्यप्रकृतिमा महिला | • स्थानीय तहहरूसँगको परामर्शमा साझेदारी तथा समझदारी–पत्रको पुनरावलोकन<br>• परीक्षण सिकाइका आधारमा महिला तथा बालबालिकाका लागि विशेष व्यवस्थासहित घरेलु कामदारको करार एवं सामाजिक सुरक्षासम्बन्धी कानून | प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विषयगत मन्त्रालयहरू, स्थानीय तहहरू, |

सामाजिक विकास मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| | पारिश्रमिकमा सुधार | श्रमिक सहकारी संस्था प्रवर्धन<br>• सहकारी ढाँचामा सङ्गठित गर्न सिद्धान्ततः नमिल्ने मध्यस्थ प्रकृतिको कारोबारमा संलग्न महिलाहरूको बाहुल्य भएको एक स्थानमा पेसाविशेष र एक स्थानमा टोल–बस्तीमा आधारित सङ्गठनहरू प्रवर्धन<br>• प्रवर्धित महिला श्रमिक संस्था र सङ्गठनको प्रभावकारिताका साथै तिनको माध्यमबाट अनौपचारिक रोजगारीको औपचारीकरणमा पुग्ने योगदानसमेतको सिकाइ प्रलेखीकरण<br>• अनौपचारिक महिला रोजगारीको औपचारीकरणका लागि परीक्षण सिकाइका आधारमा श्रमिक सहकारी संस्था, पेसा वा टोल–बस्तीमा आधारित संस्था प्रवर्धनका लागि साझा दिग्दर्शन तर्जुमा<br>• महिला घरेलु कामदारको नमुना करार व्यवस्थाको वडा केन्द्रित परीक्षण प्रारम्भ<br>• अनौपचारिक रोजगारीमा सामाजिक सुरक्षा विस्तार | तर्जुमा<br>• सामाजिक सुरक्षामा पहुँचका लागि महिलाका हकमा विशेष व्यवस्थासहित पहिलो चरणको विस्तार<br>• सहयोगी पारिवारिक कामदारको रूपमा पत्नीको अभिलेखीकरण तथा गम्भीर व्यावसायिक निर्णयमा सहमतिको सर्तसम्बन्धी कार्यविधि तर्जुमा<br>• अनौपचारिक आर्थिक एकाइको औपचारीकरण प्रक्रिया सरलीकृत गर्ने प्रयोजनको अध्ययन<br>• अध्ययनको सिफारिसका आधारमा महिलाका हकमा सकारात्मक व्यवस्थासहित कानून तर्जुमा<br>• प्रदेश सरकारको तर्फबाट हस्तान्तरण हुने जुनसुकै सम्पत्तिको स्वामित्व वा भोगाधिकार भएसम्म परिवारका महिला सदस्यमा समेत रहने गरी कानुनी व्यवस्था | सामाजिक सुरक्षा कोष, सहकारी, गैरसहकारी र उद्योग वाणिज्य संघहरू |

सामाजिक विकास मन्त्रालय

| | | | | |
|---|---|---|---|---|
| | | पहलविशेषको अध्ययन<br>• अध्ययनको सिफारिसका आधारमा सीमित क्षेत्रमा सामाजिक सुरक्षा योजनाको परीक्षण प्रारम्भ | | |
| | • रोजगारीका अवसरहरूमा महिलाको पुरुषसरह पहुँच | • सीमित क्षेत्रमा लागु हुने गरी काममा महिलामैत्री सर्तसम्बन्धी मापदण्ड तर्जुमा<br>• घुम्ती शिशुस्याहार तथा पूर्व बालशिक्षा केन्द्रको परीक्षण प्रारम्भ<br>• महिला रोजगारीलाई प्रोत्साहित गर्ने एवं सुविधाजनक तुल्याउने गरी कर नीतिको पुनरावलोकनसम्बन्धी अध्ययन | • काममा महिलामैत्री सर्तसम्बन्धी मापदण्डहरू लागु हुने क्षेत्र विस्तार<br>• नियामक व्यवस्थाहरूको पुनरावलोकनसम्बन्धी अध्ययन | ऐ. |
| विकास, व्यवसाय तथा शासकीय प्रक्रियामा महिलाको समान अग्रणी सहभागिताको सुनिश्चितता (७.३) | • महिलाको नेतृत्वदायी तथा व्यवस्थापकीय भूमिका<br>• स्रोत विनियोजनमा लैङ्गिक समताको स्तरोन्नति<br>• सार्वजनिक सेवाहरूमा महिलाको पहुँच<br>• आम सञ्चारमा महिला दृष्टि र आवाज | • गैरसरकारी, सहकारी तथा सङ्गठित निजी क्षेत्रको जनशक्ति र नेतृत्व तहमा सकारात्मक कार्यका लागि सरोकारवालाहरूसँगको परामर्शका आधारमा निश्चित वर्गीकरणमा लागु हुने गरी स्वैच्छिक मानकहरूको ग्रहण<br>• स्वैच्छिक मानकहरूको पालना अवस्थाको प्रारम्भिक चरणको अनुगमन तथा | • स्वैच्छिक मानकहरूको पुनरावलोकन तथा लागु हुने वर्गीकरण विस्तार<br>• क्षेत्रगत सेवा तथा कार्यमा लैङ्गिक मूलप्रवाहीकरणका संयुक्त पहल | प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय, विषयगत मन्त्रालय/ निकायहरू र स्थानीय तहहरू, नेपाल पत्रकार महासंघ प्रदेश समिति तथा प्रादेशिक सञ्चार सङ्गठनहरू |

| | | | | |
|---|---|---|---|---|
| | | प्रतिवेदन<br>• क्षेत्रगत निकायहरूमा नीति–योजनासम्बन्धी एकाइ प्रमुखलाई लैङ्गिक सम्पर्क–बिन्दु तोक्ने व्यवस्था<br>• लैङ्गिक सम्पर्क–बिन्दुहरूको अनुशिक्षण<br>• प्रदेशमा लैङ्गिक बजेट तर्जुमा प्रक्रियाको प्रारम्भ<br>• स्थानीय तहमा लैङ्गिक बजेट तर्जुमासम्बन्धी साझा दिग्दर्शन तर्जुमा<br>• आम सञ्चारकर्मीको आचार संहिताको ग्रहण<br>• प्रदेश लैङ्गिक विकास प्रतिवेदन तर्जुमा<br>• प्रदेश लैङ्गिक समानता नीतिगत समन्वय समिति गठन<br>• प्रदेश लैङ्गिक समानता कार्यान्वयन समन्वय समिति गठन | | |

## १०. समन्वय

महिला सम्बन्धी कार्यक्षेत्र हेर्ने मन्त्रालयका मन्त्रीको अध्यक्षतामा प्रदेश सभाका महिला सम्बन्धी कार्यक्षेत्र हेर्ने समितिका सभापति, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग र विषयगत मन्त्रालयहरूका साथै विराटनगर महानगरपालिकाका प्रमुख, जिल्ला समन्वय समिति, मोरङ्गका प्रमुख, नेपाल नगरपालिका संघ, प्रदेश समितिका प्रमुख, गाउँपालिका महासंघ नेपाल, प्रदेश समितिका प्रमुख र प्राज्ञिक जगत्को समेत प्रतिनिधित्व हुने गरी प्रदेश लैङ्गिक समानता नीतिगत समन्वय समिति रहनेछ । साथै महिला सम्बन्धी कार्यक्षेत्र हेर्ने मन्त्रालयका सचिवको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग र विषयगत मन्त्रालयहरू र विराटनगर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय समिति, मोरङ्गका समन्वय अधिकारी समेतको प्रतिनिधित्व रहने गरी प्रदेश लैङ्गिक समानता

सामाजिक विकास मन्त्रालय

कार्यान्वयन समन्वय समिति गठन गरिनेछ । स्थानीय तहका प्रमुख/अध्यक्षको संयोजकत्वमा उपप्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास महाशाखा/शाखा/महिला तथा बालबालिका शाखाका प्रमुख तथा अन्य विषयगत शाखाका प्रमुखका साथै, स्थानीय संघ संस्थाका प्रतिनिधिहरू सम्मिलित लैङ्गिक समानता कार्यान्वयन समिति गठन गरिनेछ । प्रदेश लैङ्गिक समानता नीतिगत समन्वय समिति तथा कार्यान्वयन समन्वय समितिको गठन विधिका साथै काम, कर्तव्य र अधिकार प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत भएबमोजिम हुनेछ ।

नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग र महिला तथा बालबालिका विभागसँग निकटतम समन्वय कायम गरी वित्तीय एवं प्राविधिक सहयोग जुटाउनुका साथै साझेदारी वा संयुक्त रूपमा कार्यक्रमहरू सञ्चालन गर्न पहल समेत गरिनेछ ।

लैङ्गिक समानता तथा महिला सशक्तीकरणका क्षेत्रमा प्रदेश सरकारको प्रयासमा योगदान गर्न इच्छुक मित्रराष्ट्र तथा द्विपक्षीय वा अन्तर्राष्ट्रिय दातृ निकायहरूसँग नेपाल सरकारमार्फत सहयोग प्रवर्धन गरिनेछ ।

## ११. स्रोत आवश्यकता

नीति कार्यान्वयनका लागि १० वर्षको अवधिमा प्रदेश र स्थानीय तहहरूका लागि आर्थिक वर्ष २०७६/७७ को मूल्यमा कुल रु. ९ अर्ब ६५ करोड बजेट आवश्यक पर्ने प्रारम्भिक अनुमान (तालिका ३) का आधारमा एक आर्थिक वर्षका लागि सालाखाला ९६ करोड ५० लाख बजेट आवश्यक पर्ने देखिन्छ । स्थानीय तहतर्फको कुल वार्षिक बजेट आवश्यकता (रू. ९४ करोड ५० लाख) को ४० प्रतिशत प्रदेश सरकारको तर्फबाट बेहोर्ने दृष्टिकोण लिइनेछ । सोसमेत प्रदेश सरकारतर्फ वार्षिक रु. ३९ करोड ८० लाख (रु. १ करोड २० लाख + रु. ८० लाख + रु. ३७ करोड ८० लाख) स्रोत आवश्यक हुनेछ ।

**तालिका ३ : नीति कार्यान्वयनका लागि स्रोत अनुमान (रकम रु. '००० मा)**

| सि. नं. | कार्यक्रम | मुख्य क्रियाकलाप | वार्षिक : एक स्थानीय तह | | वार्षिक प्रदेश स्तर | | आवधिक (१३४ गा/नपा र ३ म/उमहा नपा र प्रदेशको १० वर्षको) जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | गापा/नपा | महा/उपमहानपा | सामाजिक विकास मन्त्रालय तर्फ | विषयगत मन्त्रालय/ निकायतर्फ | |
| १. | समुदायस्तरीय आधार कार्यक्रम | कार्यान्वयन दिग्दर्शन तर्जुमा, मौजुदा महिला संस्था, समूहरूको नक्साङ्कन, | ६५०० | ८५०० | १५०० | | ८,९८०,००० |

सामाजिक विकास मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सम्बद्ध कर्मचारीहरूको अनुशिक्षण, महिला संस्थामार्फत आवश्यकतामा आधारित कार्यक्रमहरूको प्रारम्भ, नियमित सामाजिक परिचालन आदि | | | | | |
| २. | अनौपचारिक महिला रोजगारीको औपचारीकरण | आधार–रेखा सर्वेक्षण, परीक्षणस्वरूप महिला श्रमिक सहकारी संस्था तथा पेसा वा टोल–बस्तीमा आधारित महिला सङ्गठनको प्रवर्धन, कार्यक्रम सञ्चालन, सिकाइ प्रलेखीकरण, दिग्दर्शन तर्जुमा, महिला घरेलु कामदारको नमुना करार व्यवस्थाको परीक्षण, घुम्ती शिशु स्याहार तथा पूर्वबाल शिक्षा केन्द्र सञ्चालन, कानुनी व्यवस्था, अनौपचारिक रोजगारीमा सामाजिक सुरक्षा विस्तारका लागि अध्ययन तथा तदनुसार सीमित क्षेत्रमा सामाजिक सुरक्षा योजनाको परीक्षण प्रारम्भ आदि | - | ४५०० | ७५०० | १००० | २१०,००० |
| ३. | रोजगारीमा लैङ्गिक सरोकारहरूको नियमन | अधिवाचन, सरोकारवालासँगको परामर्श, मापदण्ड तर्जुमा, परीक्षण प्रारम्भ, पालना अनुगमन आदि | – | – | ५०० | ५०० | ५,००० |
| ४. | गैरसरकारी, सहकारी तथा निजी क्षेत्रमा सकारात्मक कार्यको विस्तार | अधिवाचन, सरोकारवालासँगको परामर्श, स्वैच्छिक मानकहरूको ग्रहण, परीक्षण प्रारम्भ, पालना अनुगमन आदि | – | – | ५०० | | ५,००० |
| ५. | लैङ्गिक | नीतिगत समन्वय, खण्डीकृत | २५० | ५०० | २००० | ६५०० | ३७०,००० |

सामाजिक विकास मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मूलप्रवाहीकरण | तथ्याङ्क–आधार सृजना, लैङ्गिक सम्पर्क बिन्दुहरूको अनुशिक्षण, सहभागितामूलक लेखाजोखा, लैङ्गिक उत्तरदायी बजेट तर्जुमामा सहजीकरण, सञ्चारकर्मीहरूको आचार संहिता तर्जुमा, लैङ्गिक विकास प्रतिवेदन प्रकाशन आदि | | | | | |
| जम्मा | | | ६७५० | १३५०० | १२००० | ८००० | ९,६५०,००० |

## १२. अपेक्षित उपलब्धि, अनुगमन तथा मूल्याङ्कन

नीति कार्यान्वयनको नियमित अनुगमन महिला सम्बन्धी कार्यक्षेत्र हेर्ने मन्त्रालयले गर्नेछ । प्रदेश लैङ्गिक समानता कार्यान्वयन समन्वय समितिले चौमासिक र प्रदेश लैङ्गिक समानता नीतिगत समन्वय समितिले वार्षिक रूपमा नीति कार्यान्वयनको सिंहावलोकन गर्ने छन् । अर्धवार्षिक वा वार्षिक रूपमा मन्त्रालयले लैङ्गिक सम्पर्क–बिन्दुहरूका साथै स्थानीय तहहरूसँग संयुक्त समीक्षा गर्ने व्यवस्थासमेत मिलाउनेछ ।

मन्त्रालयले नीतिको समग्र र पक्षविशेषको स्वमूल्याङ्कनद्वारा सिकाइ अभिलेखीकरण गर्दै जानेछ । प्रदेशको प्रथम आवधिक योजना सम्पन्न भएलगत्तै (आ.व. २०८१/८२ मा) प्रदेश योजना आयोगको तर्फबाट स्वतन्त्र मूल्याङ्कन र नीति कार्यान्वयन अवधि पूरा भएपछिको वर्ष त्यसै गरी अन्तिम मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ । मूल्याङ्कनमा अन्य कुराका अतिरिक्त नीति कार्यान्वयनको अन्तिम आर्थिक वर्ष (२०८५/८६) मा अपेक्षित देहायका उपलब्धिहरू हासिल हुन सके, नसकेको हेरिनेछ :–

- महिला श्रम सहभागिता दर कम्तीमा ४० प्रतिशत पुगेको हुने,
- अनौपचारिक रोजगारीमा रहेका महिलाको अनुपात ६० प्रतिशतभन्दा घटी भएको हुने,
- व्यवस्थापन तहमा कार्यरत महिलाको अनुपात २० प्रतिशतमाथि गएको हुने,
- न्यून पारिश्रमिक कोष्ठकमा पर्ने महिलाको अनुपात कम्तीमा पुरुषसरह हुने,
- जीवनमा संवेगात्मक, शारीरिक वा यौनजन्य हिंसाको अनुभूति गर्ने महिलाको अनुपातमा कम्तीमा १० प्रतिशत बिन्दुले कमी आएको हुने,
- लैङ्गिक विकास सूचकाङ्क ०.९५ प्रतिशतमाथि पुगेको हुने र
- लैङ्गिक विषमता सूचकाङ्क ०.२५ प्रतिशत तल झरेको हुने ।

-०००-



सामाजिक विकास मन्त्रालय